फोन नं: ०११-४९०२०१/४९०५८९
Email: adokavre@gmail.com,
Web: https://kavre.ado.gov.np/

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोक

## कृषि व्यवसाय सूचीकरण तथा उपज खरिद बिक्री अनुमतिपत्र लिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०८/१६**

**सूचना नं ०७/०८२/८३**

बागमती प्रदेश सरकारद्वारा मिति २०८२/०४/१९ गते जारी गरिएको **'प्रदेश कृषि विकास ऐन, २०८२** को दफा ४ मा "कुनै पनि व्यक्ति वा संस्थाले प्रदेशभित्र अनुसूची-१ मा उल्लेख भए बमोजिमका कृषि व्यवसाय सन्चालन गर्न सक्ने", दफा ५ मा " कानुन बमोजिम दर्ता भएका कृषि व्यवसायहरू मन्त्रालयले सम्बन्धित जिल्लास्थित तोकेको कार्यालयमा ऐन प्रारम्भ भएको मितिले ६ महिनाभित्र सूचीकृत हुने" र दफा ६ मा "सूचीकृत भएका कृषि व्यवसाय वा संस्थाले कृषि उपजको खरीद बिक्री गर्न अनुसूची-२ बमोजिमको निकायबाट अनुमतीपत्र लिनुपर्ने" व्यवस्था भएको व्यहोरा सम्पूर्ण सरोकारहरूवालाहरूमा जानकारी गराइन्छ।

यसै बमोजिम यस कार्यालयको कार्यक्षेत्र काभ्रेपलान्चोक र सिन्धुपाल्चोक जिल्लाभित्र कृषि व्यवसाय सम्वन्धी उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणसँग जोडिएर प्रचलित कानुन बमोजिम दर्ता भई व्यवसाय संचालन गरिरहनुभएका व्यक्ति, कृषि समूह, कृषि सहकारी/संस्था तथा सम्बन्धित व्यवसायीहरूले कृषि विकास कार्यालय, धुलिखेल, काभ्रेपलान्चोकमा मिति २०८२/१०/१९ गतेभित्र व्यवसाय सूचीकरण गरी कृषि उपज खरिद बिक्री अनुमति पत्र लिनुहुन सम्वन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

२०८२/०८/१६
कुल प्रसाद दवाडी
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं

**सूचीकरणको लागि आवश्यक कागजात र दस्तुरः**

१. व्यवसाय सूचीकरण तथा कृषि उपज खरिद बिक्री अनुमति-पत्र पाँउ भन्ने बारे निवेदन।
२. व्यवसाय पुष्टि हुने कागजात (व्यवसाय दर्ता प्रमाणपत्र, PAN/ VAT दर्ता प्रमाणपत्र, करचुक्ताको प्रमाणपत्र) -साथै विउविजन व्यवसायी/उत्पादकको हकमा विउविजन बिक्रेता/उत्पादक अनुमतीपत्र र विषादी व्यवसायीको हकमा खुद्रा विपादी बिक्रेता ईजाजत पत्र अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।
३. दर्ता दस्तुरः- वार्षिक कारोवार १००० मे.ट वा सो भन्दा कम भए रु. २०००।- र सो भन्दा बढी भए रु. ४०००।–

**पूनश्चः** संघीय ऐन बमोजिम दर्ता भएका/अनुमती लिएका व्यवसायीहरुले समेत यस ऐनको परिधिभित्र रही सूचीकरण तथा अनुमतीपत्र लिनुपर्नेछ। प्रदेश कृषि विकास ऐन, २०८२ बागमती प्रदेश कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको वेबसाइट http://molmac.bagamati.gov.np/ र कृषि विकास कार्यालय, धुलिखेल, काभ्रेपलान्चोकको वेबसाइट https://kavre.ado.gov.np/ बाट डाउनलोड गरी हेर्न सकिनेछ।

CS CamScanner